श्री
उच्च अदालत
सुर्खेत
२०७३

# उच्च अदालत

## सुर्खेत

**उच्च अदालत सुर्खेतबाट जारी गरिएको सेवा प्रवाह सम्बन्धी सूचना**

**मितिः-२०७८/०२/१६**

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भ्यारिएन्ट सहितको कोभिड-१९ को संक्रमण हालका दिनमा सुर्खेत जिल्लामा तिब्र रुपमा बढिरहेको अवस्थालाई दृष्टिगत गरी संक्रमण फैलावटलाई रोकथाम र नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय सुर्खेतबाट मिति २०७८/०१/१४ गते राती १२.०० बजेदेखि लागु हुने निषेधाज्ञा जारी भएको र पटक-पटक निषेधाज्ञा अवधि थप भई पछिल्लो पटक मिति २०७८/०२/२५ गते राती १२.०० बजे सम्मका लागि सुर्खेत जिल्ला भर निषेधाज्ञा जारी गरिएको सन्दर्भमा सर्वसाधारणको आवागमनमा असहजता भै अदालतको कामकारबाहीहरु समेत प्रभावित हुने भएकाले यस अदालतबाट प्रवाह हुँदै आइरहेका देहाय बमोजिमका सेवाहरु बाहेक अन्य सेवाहरु उक्त निषेधाज्ञा अवधि भरसम्मका लागि स्थगन गरिएको व्यहोरा मिति २०७८/०२/१६ गते बसेको पूर्ण वैठकको निर्णयानुसार सर्वसाधारण लगायत सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

२०७८/२/१६

उप-रजिष्ट्रार

**देहायः-**

१. बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदन,
२. कोभिड-१९ सँग सम्बन्धित रिट निवेदन,
३. पक्राउ पूर्जी जारी,
४. जरुरी पक्राउ पूर्जी समर्थन,
५. अभियोग पत्र दर्ता, बयान, थुनछेक आदेश र म्याद थप
६. नेपाल सरकार वादी भई चलेका थुनुवा मुद्दाको पुनरावेदन फिर्ता एवं प्रचलित कानून बमोजिम मिलापत्र हुनसक्ने सरकारवादी फौजदारी मुद्दाको मिलापत्र सम्बन्धी कामकारवाही।

पुनश्चः- यस अदालतको काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा, रिट तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रने व्यहोरा जानकारी गराइन्छ।

फोन नं. ०८३-५२०७६२,०८३-५२०२५८, फ्याक्स नं. ०८३-५२०७६२ Email: info.hcsurkhet@supremecourt.gov.np